केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/११/०६९/७० मिति: २०६९/०९/०१

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. २१ को बुँदा नं. २ अन्तर्गत रहेको मोवाइल बैकिङ्ग सेवा सम्बन्धी व्यवस्थामा आधिकारिक प्रतिनिधिमार्फत मोवाईल फोनको माध्यमबाट हुने सेवालाई समेत समेट्न देहायका व्यवस्थाहरु थप गरिएको छ ।

(क) बैंक तथा वित्तीय संस्थाले नियुक्त गरेको व्यवसायिक आधिकारिक प्रतिनिधिमार्फत आफ्ना ग्राहकहरुको लागि मोवाईल फोनको माध्यमबाट नगद जम्मा तथा भुक्तानीको सेवा प्रदान गर्न सक्ने छन् ।

(ख) खण्ड (क) बमोजिम हुने कारोबारको अभिलेख कारोवार सम्पन्न हुने वित्तिकै (Real Time effect) का आधारमा बैंक तथा वित्तीय संस्थामा रहेको सम्बन्धित ग्राहकको खातामा प्रविष्ट हुने व्यवस्था गरेको हुनु पर्ने छ ।

(ग) व्यवसायिक आधिकारिक प्रतिनिधि मार्फत सेवा प्रदान गर्दा उत्पन्न हुन सक्ने सम्पूर्ण जोखिमको अन्तिम दायित्व सम्बन्धित बैंक तथा वित्तीय संस्थाको हुनेछ ।

(घ) बैंक तथा वित्तीय संस्थाले प्रतिनिधि मार्फत सेवा सन्चालन गर्ने स्थानहरुको आपसी दुरी कायम राख्ने सम्बन्धी नीतिगत व्यवस्था समेत पारित गरेको हुनुपर्ने छ ।

२. यस बैंकबाट जारी प.सं. बै.वि.नि.वि./नीति/परिपत्र/०६/०६९/७० मिति २०६९/०६/२८ को परिपत्रको बुँदा नं. ६ बमोजिम Cheque Standards and Specifications मा भएको संशोधन अनुसार तयार पारिएको Cheque Standards and Specifications यसै साथ संलग्न गरिएको छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।